जनहितमा जारी सन्देश !

**सामाजिक न्यायमा रोल्पा नगरपालिका**

जातीय छुवाछुत एक दण्डनीय अपराध हो कसैले कसैलाई भेदभाव नगरौं ।

# रोल्पा नगरपालिका

चौमासिक बुलेटिन

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाईसाई जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्रै नै गर्ने गरौं ।

जनहितका लागि :
**सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा**

बर्ष : १, अंक : १ मिति : २०८० साल मंसिर २२ शुक्रबार Friday 6 Dec. 2023 पृष्ठ : ५







## चौमासिक बुलेटिनका सन्दर्भमा

महेन्द्र पराजुली (उप-सचिव)



रोल्पा नगरपालिकाबाट चौमासिक अवधिमा विकास निर्माण सेवा सेवा प्रवाहमा सुशासन कायम गर्ने सन्दर्भमा आ.व. २०८०/०८१ को प्रथम बुलेटिनको रुपमा प्रस्तुत गरेका छौ ।

रोल्पा नगरपालिकाको तर्फबाट चौमासिक अवधिमा प्रकाशित यो पहिलो बुलेटिन मध्यकाले सुझाव सल्लाह मार्ग निर्देशनको अपेक्षा गर्दछौ ।

### संरक्षक



श्री सुरेन्द्र थापा (धर्ती)
नगर प्रमुख





श्री गीता आचार्य
नगर उप-प्रमुख

श्री नारायण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

### सम्पादन मण्डल

**संयोजक**
श्री सुदिप डाँगी

श्री टंकबहादुर गिरी सदस्य
श्री महेन्द्र पुन सदस्य
श्री सुशिल कुमार थापा सदस्य
श्री धर्मराज डांगी सदस्य
श्री रेशम आचार्य सदस्य
श्री बसन्त गिरी सदस्य
श्री राजिव बुढा सदस्य
श्री प्रमिला घर्तीमगर सदस्य

**सेटिङ तथा डिजाइन**
श्री टेकबहादुर बिक

सम्पर्क :
रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिबाङ, रोल्पा
फोन : ०८६४४००७५
वेब साईट : rolpamun.gov.np
ईमेल : rolpanagarpalika@gmail.com
सुचना अधिकारी : सुशिल कुमार थापा



रोल्पा नगरमा बिहानी पख ठिक १० बजे राष्ट्रिय गान सहित कार्यालय शुरु हुन्छ । (फोटो टेक)

# रोल्पा नगरपालिका संक्षिप्त जानकारी

रोल्पा नगरपालिका २७६.४२ बर्ग कि.मी. क्षेत्रफल रहेको पहाडी जिल्लामा पर्ने यो नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्दछ। पुर्वमा सुनिल स्मृति गाउँ पालिका, उत्तरमा थवाङ र सुनछहरी गाउँपालिका, पश्चिममा माडि गाउँपालिका र दक्षिणमा रुण्टिगढी गाउँपालिका र त्रिवेणी गाउँपालिकारहेको यो नगरपालिका रोल्पा जिल्लाको सदरमुकाम पनि हो। सडक सन्जाल, शिक्षा, पर्यटन जस्ता विविध पक्षहरुमा विकासोन्मुख रुपमा रहेको नगरपालिका प्राकृतिक रुपमा अति लोभलाग्दो छ । पालिका भित्र उच्च मा.वि. माध्यमिक, आधारभूत, प्राथमिक र निजी स्कुलहरु रहेका छन । जलजला बहुमुखि क्याम्पस तथा सि.टि.ई.भि.टी. प्राविधिक शिक्षालय रहेको यो पालिका शिक्षा क्षेत्रमा पनि उन्मुख हुँदै गरेको छ। वि.सं.२०७८ सालको जनगणना अनुसार ३५ हजार ३ सय ७६ रहेको जनसंख्या रहेको छ । यस नगरपालिकामा १० वटा वडा रहेका छन । चारैतिर बगेको नदी तथा जलजला, सातदोबाटो र दारबोट जस्ता उच्च स्थानमा रहेका मनोरम ठाउँहरुले गर्दा पनि यो नगरपालिका साच्चिकै मनोरम रहेको छ। जनघनत्वा १३१ रहेको नगरपालिकामा पुरुष ४५.७ र महिलाको ५४.३ प्रतिशत रहेकोछ। ८ हजार ७ सय ४५ जनघनत्व रहेको रोल्पा नगरपालिकाको ७९ प्रतिशत साक्षरतादर रहेको छ ।

बाँकी २ पेजमा

## रोल्पा नगरपालिका वित्तीय प्रगति

बसन्त गिरी

यस रोल्पा नगरपालिकामा आर्थिक बर्ष २०८०/०८१ को पहिलो चौमासिकमा चालु तर्फ १२ करोड ७२ लाख १४ हजार ६ सय ५३ र पुँजीगत तर्फ २ करोड ९२ लाख २० हजार २ सय १९ रुपैया गरी जम्मा १५ करोड ६४ लाख ३४ हजार ८ सय ७२ रुपैया खर्च भएको छ।

सुदिप डाँगी



## सुशासन तथा संस्थागत क्षमता विकासमा रोल्पा नगरपालिकाको अवस्था

रोल्पा नगरपालिकामा सुशासन तथा संस्थागत क्षमता विकास तर्फ क्रमश सुधार हुँदै गएको छ। निर्धारित कार्यालय समय र निर्धारित पोषाक लाई सबै कर्मचारीहरुले पालना गर्नुभएको छ। बिहान ठिक १० बजे राष्ट्रिय गान गायर र त्यसपछि शुन्य समयको कर्मचारी बैठक बसेर दैनिक कार्यको प्रारम्भ हुँदै आएको छ। सुशासन तथा संस्थागत क्षमता विकास समितिले असोज १३ गते प्रत्येक महिना

बाँकी २ पेजमा

# कार्यक्रमसँग सम्बन्धीत फोटोहरू

प्राविधिक शाखा

## भवन निमार्ण कार्य तिब्र गतिमा

रोल्पा नगरपालिका प्रशासकीय भवन निगार्ण कार्य तिब्र गतिमा अधि बढिरहको छ ।

रोल्पा नगरपालिका टकसार, छायाश्वरी जलजला जे.भी. बीच गत आ.ब.मा दुई पक्षीय सम्झौता भई निर्माण कार्य थालनी गरेको कम्पनीले करिव २ बर्ष भित्रमा निर्माण सम्पन्न गर्ने गरि रु. १५ करोड ६४ लाख ३४ हजार ८ सय ७२ रुपैयामा ठेक्का लिएका थियो ।

आ.ब. २०७९/८० मा २ करोड ६९ लाख ६० हजारमा पश्की लिएर निर्माण कार्य थालनी गरे यता पहिलो रनिङ बिल ४७ लाख ८० हजार यस आ.ब. २०८०/०८१ मा २ करोड ५५ लाख १४ हजार ५१ रुपैया निर्माण कार्यमा खर्च गरेको छ ।

रोल्पा नगरपालिका निर्माणाधिन प्रशासकीय भवन





रोल्पा नगरपालिका निर्माणाधिन प्रशासकीय भवन

सामाजिक सुरक्षा शाखा

## सामाजिक सुरक्षा कार्यक्रम

पचिय

सामाजिक संक्षण त्यस्तो नीति तथा कार्यक्रम हो जसले व्यक्ति समाजलाई जोखिम तथा अस्थिता व्यवस्थापन गर्न, गर्बी असमानताबाट जोगाउन तथा आर्थिक अवसरमा पहुँच अभिवृद्धि गर्न मद्दत गर्दछ । सामाजिक सुक्षा भन्नाले न्यून आय वा आय वञ्चितहरूलाई राज्यका तर्फबाट प्रदान गरिने सहयोग सहुलियत (सबै प्रकाका नगद वा



बस्तुगत) लाई बुझाउँछ । यस्तो सहयोग ज्येष्ठ नागकि, अशक्त असहाय अवस्थामा रहेका व्यक्ति, शारीरिक वा मानसिक रूपले श्रम गर्न अशक्त भएका, बाँच्नको लागि कठिन जीवनयापन गरिरहेका व्यक्तिहरूको लागि प्रदान गर्न्छि । सामाजिक संक्षणल त्यस्तो लक्षित समुदायसम्म राज्यको पहुँच मार्फत सामाजिक सुक्षा सेवाहरू प्रत्याभूत गरी उनीहरूका संरक्षण सुनिश्चित गर्न नीति, कानुन, संस्थागत व्यवस्था स्रोत सुनिश्चितता जस्ता विषयलाई सम्बाधन गर्दछ ।

रोल्पा नगरपालिकामा हालका प्रतिवेदन अनुसार जेष्ठ नागरिक संख्या १,६८७ जना, जष्ठ नागरिक दलित २७२ जना, जेष्ठ नागरिक एकल महिला ३२५, बिधवा आर्थिक सहायता ६७० जना, पुर्ण अपाङ्ता भएका व्यक्ति २० जना, अति अशक्त अपाङ्गता १४६, जना, क्षेत्र तोकिएका बालबालिका २४५० जना ५७८ जना दलित बालबालिका गरि जम्मा ६१५८ जनाले सामाजिक सुक्षा कम प्राप्त गर्न भएका छन ।

आ.ब. २०८०/०८१ को पहिलो त्रैमासिक श्रावण, भाद्र असोज महिनामा ३ कोड ५९ लाख ८७ हजा ९ सय ६ रुपैया बैंक मार्फत भुक्तानी गरिएको थियो ।

स्वास्थ्य शाखा

## स्वास्थ्य शिविर सञ्चालन



आर्थिक वर्ष २०८०/०८१ का बार्षिक कार्यक्रम अनुसार रोल्पा नगरपालिका स्वास्थ्य शाखा बाट रोल्पा नगरपालिकाका ९ नं. फाल्जा रोल्पा नगरपालिका ८ जकोटमा महिलाहरुका आङ खस्ने अन्स्टट्रिक फिस्टुला, पाठेघको मुखको क्यान्सर लगाएतका रोगको पहिचान गर्ने सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो ।

रोल्पा नगरपालिकाको आयोजनामा भएको शिविरमा उक्त भगका महिलाहरुका स्वास्थ्य जाँच गरी रोगअनुसारको औषधी वितण कार्यक्रम सञ्चालन गरिएको थियो ।

## शिक्षा शाखा



# नगरपालिकाको शिक्षा क्षेत्रमा थप सुधार

■ कर्णबहादुर पुन (शिक्षा अधिकृत)

रोल्पा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट निरन्तर रुपमा नगरपालिका भित्रका प्रधानाध्यापकहरुको नियमित बैठक हुँदै आएको छ। पछिल्लो सयम नगरपालिकाका १० वटै वडाहरुमा अभिभावक शिक्षा कार्यक्रम संचालन भई रहेको छ।

युनिसेफको आर्थिक सहयोगमा स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यविधि निर्माण सम्बन्धी परामर्श कार्यशाला समेत भर्खरै सम्पन्न भएको छ।



## राजश्व शाखा



# रोल्पा नगरपालिकाको राजश्व ५० लाख ६५ हजार रुपैया संकलन

■ धर्मराज डाँगी (राजश्व शाखा प्रमुख)

रोल्पा नगरपालिकाको राजश्व शाखाबाट आर्थिक बर्ष २०८०/०८१ को पहिलो चौमासिकको श्रावण महिनामा अनलाईन माध्यमबाट राजश्व संकलन गर्नका लागि शुत्र मोडेल चलाउनको लागि १० वटै वडाका वडा सचिवहरुलाई १ दिने अभिमूखिकरण तालिम सम्पन्न भएको छ। यस आर्थिक बर्षको पहिलो चौमासिकमा राजश्व शाखाबाट आन्तरिक राजश्व तर्फ ४३ लाख ६५ हजार र बालुवा गिट्टीबाट ७ लाख रुपैया राजश्व संकलन भएको छ।

## निशुल्क लोकसेवा कक्षा प्रवेश परीक्षा हुने बारे सूचना

*रोल्पा नगरपालिकाले संचालन गर्न लागेको लोकसेवा तयारी (ना.सु./खरिदार) कक्षाका लागि प्रवेश परीक्षा यहि पौष १ गते बिहान ८:३० बजे श्री पितराज आधारभुत विद्यालय रोल्पा नगरपालिका २ रेउघा रोल्पामा हुने व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।*

## महिला बालबालिका शाखा



# स्वास्थ्य बिमा तथा परिचयपत्र वितरण र पहिचान हुन नसकेको मानव कंकाललाई व्यवस्थापन

■ पवित्रा बुढा

*महिला बालबालिका शाखाबाट आ.ब. २०८०/०८१ को पहिलो चौमासिकमा ३ सय २८ जनाको स्वास्थ्य बिमा गरिएको छ। साथै २० जना नयाँ तथा नविकरण अपाङ्ता परिचय पत्र पनि वितरण गरिएको छ।*

*त्यसैगरी रोल्पा नगरपालिका महिला बालबालिका शाखाको सहकार्यमा रोल्पा जिल्ला सुनछहरी गाउँपालिका -७, बिसाना जंगलमा भेटिएको पहिचान हुन नसकेको मानव कंकाललाई पहिचान नभएका तथा बेवारिसे व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम जिल्ला प्रहरी कार्यालय रोल्पासँगको सहकार्यमा रोल्पा अस्पताल रेउघाको शव गृहमा व्यवस्थापन गरिएको।*

पेज १ बाट क्रमश : ...

## रोल्पा नगरपालिका ...

त्यसैगरी वडागत रुपमा १ नं वडाको जनसंख्या पुरुषको १ हजार ५ सय ५५ रहेको छ भने महिलाको संख्या १ हजार ९ सय ६२ रहेको छ। २ नं. वडा कार्यालयको महिलाको संख्या २ हजार ८ सय ५४ र पुरुषको २ हजार ३ सय ३०, वडा नं ३ को १ हजार ४ सय ४० महिला र पुरुष १ हजार १ सय ७९, वडा नं ४ को २ हजार ४ सय ८ महिला, २ हजार १ सय ४७ पुरुष, ५ नं वडाको महिला संख्या १ हजार २ सय ९५, पुरुष १ हजार ८४ जना रहेको छ त्यसैगरी वडा नं. ६ को महिलाको संख्या १ हजार ८ सय ८९, पुरुषको १ हजार ५ सय १८, ७ नं. वडाको १ हजार ३ सय ५६ महिलाको १ हजार ७५ पुरुष, वडा नं ८ मा १ हजार ४८ महिला र ८ सय ९१ पुरुष रहेको छ।

त्यसगरी वडा नं. ९ मा महिला २ हजार ८० र पुरुष १ हजार ८ सय २५ र वडा नं १० मा २ हजार ८ सय ८६ महिला र २ हजार ५ सय ५४ पुरुष रहेको छ। त्यसैगरी ८२.४ प्रतिशत जन्मदर्ता भएका छन् भने १७.६ प्रतिशत व्यक्तिले जन्मदर्ता नभएका व्यक्ति रहेको तथ्याङ्क रहेको छ।

पेज १ बाट क्रमश : ...

सकिएपछि अर्को महिनाको पहिलो हप्ता अघिल्लो महिनाको मासिक प्रगति प्रस्तुत गर्ने र चौमासिक रुपमा प्रमुख प्रशासकीय अधिकृतले प्रतिवेदन तयार गरेर नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भएको छ। नगरपालिकामा रिक्त दरबन्दीहरु पदपूर्ति गर्ने कार्यसमेत भईरहेकोछ। १० वटै वडाहरुमा वडा सचिव तथा प्राविधिक कर्मचारीहरुलाई कामकाजको लागि जिम्मेवारी तोकेर खटाईएको छ।



मनकुमारी घर्तीमगर

## व्यक्तिगत घटना दर्ता सम्बन्धी व्यवस्था




व्यक्तिगत घटना दर्ता भनेको के हो ?

व्यक्तिको जीवनमा घटेका जन्म, मृत्य, बिवाह, सम्बन्ध बिच्छेद तथा बसाई-सराई जस्ता घटनाहरु सम्बन्धित स्थानीय पञ्जिकाधिकारी कहां गई घटनाको सूचना उपलब्ध गराउने र प्रमाणपत्र लिने कार्य लाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

२. व्यक्तिगत घटना दर्ता गर्नु जरुरी छ वा छैन ?

व्यक्तिले राज्यबाट पाउने सेवा, सुविधा प्राप्त गर्न र कानून बमोजिम गने व्यवहारका लागि व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र जरुरी हुन्छ ।

३. व्यक्तिगत घटना दर्ता कसले गर्नुपर्छ र कहां गरिन्छ ? घटना घटेको व्यक्तिको स्थायी बसोबास रहेको गाँउ/नगरपालिकाको वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता गर्न सकिन्छ । सम्बन्धित गाउंपालिका वा नगर पालिकाको वडाको स्थानीय पञ्जिकाधिकारीले व्यक्तिगत घटना दर्ता गर्छ । व्यक्तिगत घटना दर्ता गर्न व्यवस्थापन सूचना प्रणालीको Online घटना दर्ता समेतको व्यवस्था गरिएको छ ।

रोल्पा नगरपालिकामा मिति २०८० श्रावण १ गते देखि कार्तिक ३० गते सम्म दर्ता भएको व्यक्तिगत घटना दर्ता विवरण निम्न रहेको छ ।

| वडा नं. | जन्म | मृत्य | विवाह | बसाइसराई | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|
| १ | ४० | ११ | १२ | २ | ० |
| २ | २६ | ६ | ४ | ४ | २ |
| ३ | ३० | ९ | ७ | ० | ० |
| ४ | १६ | ५ | ६ | ० | १ |
| ५ | २५ | २ | १० | १ | १ |
| ६ | २९ | ८ | २ | १ | ३ |
| ७ | ३० | ५ | १० | ४ | ३ |
| ८ | २३ | १० | ८ | ४ | ३ |
| ९ | ३७ | २६ | १४ | ४ | ० |
| १० | ५१ | ११ | १३ | १ | १ |

# सुन्तलाजात फलफुलमा तालिम तथा काँटछाँट व्यवस्थापन




बगैंचा स्वस्थ र उत्पादनशील बनाई राख्न कलिलो अवस्थामा गर्नुपर्ने तालिम र वयस्क अवस्थामा काँटछाँटको अत्यन्त जरुरत पर्दछ । कॉटछाँट नभएका बोट छिटो ह्रास हुन थाल्छ साथै फल उत्पादन व्यवस्थित हुँदैन । सुन्तलाजात फलफूलमा कॉटछाँट गर्दा मुल हाँगामा तीन वटा मुख्य हाँगा राखेर बिरुवाको कलिलो अवस्था देखि नै तालिम दिईन्छ ।

प्रत्येक मुल हाँगाबाट आएका सहायक हाँगाहरू एक आपसमा नजोडिने र नखप्टिने गरी दुई दुईवटा हाँगा बनाउनु पर्दछ, सुन्तलाको सहायक हाँगा प्राय माथि पट्टी ढल्कीने गरी बढछ त्यसलाई ३० देखि ३५ डिग्री ढल्किने गरी तालीम दिने र चोर हाँगा हटाउदै जानुपर्दछ यसै गरी नयां हाँगा बनाउदै लैजानु पर्दछ । पहिलो सहायक हाँगा जमिनको करिब ७० से.मि. उचाईमा रहने गरी र दोश्रो सहायक हाँगा पहिलो सहायक हाँगाको करिब १ मि. आसपास फरकमा रहने गरी राख्ने यसरी बनाउदै लगेर अन्तिममा मुल हाँगाको टुप्पोमा अन्तिम सहायक हाँगा बनाउनुपर्दछ । कलमी बिरुवा भन्दा बीजु बिरुवाका पालुवा अझ बढी बढ्ने भएकोले बीजु बिरुवामा तालिम तथा काँटछाँटको अझ बढी आवश्यक पर्दछ ।

हिंउदमा गर्नु पर्ने बगैंचा व्यवस्थापनको सम्पूर्ण कार्य सकेपछि १ प्रतिशतको बोर्डो मिश्रण बोटको सम्पूर्ण भाग भिज्ने गरी स्प्रे गर्नुपर्दछ । यस अवधिमा छरेको बोर्डो मिश्रणले बोटमा सुशुप्त अवस्थामा बसेका ढुसिजन्य रोगलाई नियन्त्रण गर्छ । यसले माईटस किरा पनि नियन्त्रण गर्छ ।

यसका साथै यसले बोटलाई सुक्ष्मतत्वको पनि आपुर्ति गर्ने भएकोले यस अवस्थामा गरिने स्प्रे ज्यादै महत्वपूर्ण हुन्छ यस बाहेक वैशाख महिनामा फल केराउ दाना अवस्थामा पुग्दा पनि १ प्रतिशतको बोर्डो मिश्रण स्प्रे गर्न सके अति लाभकारी हुन्छ ।

# बालबालिकाको पोषण सुधारमा पोषण युक्त खाना



## कार्यक्रमसँग सम्बन्धीत फोटोहरु





बालि कटानी तथा तथ्याकं अध्यावधिमा रोल्पा नगरपालिका कृषि प्राविधिकहरु मिलिजुली हाटबहाजरमा कृषबकहरुले तरकारी बेच्दै । (फोटा सन्देश केसी)

# रोल्पा नगरको गतिविधिहरु

**रोल्पा नगर**

रोल्पा जिल्लाको १० वटा स्थानीय तहगध्ये मा १ मात्र नगरपालिका जिल्लाकै नमूना नगरपालिका हो । ९ गाउँपालिका र १ नगरपालिकाको मिलेर बने को रोल्पा नगरपालिका रोल्पा जिल्लाको सदरमुकाम लिवाङ, केन्द्रित नगर हो । साविक कोटगाउँ, जंकोट, धवाङ, ह्वामा, खुमेल र कोर्चाबाङको केही वडाहरु मिलेर नगर बने को हो ।

रोल्पा नगरपालिका यी गाउँविकास समितिहरु मिलेर हाल रोल्पा नगरको निर्माण भएको हो । यस पालिकाले आफै प्रशासकीय भवन नभएको र हाल निर्मानाधिन अवस्थामा रहेको भएताहुँदा शहीद स्मृति भवनलाई भाडामा सञ्चालन गरी सेवा प्रवाह गरिरहेकोछ । विगतमा भने भेटनरी अस्पतालको भवनबाट सेवा दिईरहेको भएपनि हाल आएर स्मृती भवनदेखि आफ्नो सेवा प्रवाह गरी रहेको छ ।

सेवा प्रवाहमा पूर्वाधार विकास, शिक्षा विकास कार्यक्रम, स्वास्थ्य, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, राजश्व संकलन, कृषि, पशुसेवा, महिला तथा बालबालिका लक्षित कार्यक्रम, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम तथा लघु उद्यम विकास कार्यक्रम र स्वच्छ खानेपानी तथा सरसफाई (वास) परीयोजना लगायतका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वय गरी नीतिगत निर्माण गद सेवा प्रदान गरिरहे को छ । जिल्लामै आफनै डेरी सञ्चालन गरी कृषक तथा सम्बन्धित सेवाग्राहीहरुमा दुधको आयात तथा निर्यात गरि अझै व्यवसायमूखि कार्यक्रम संचालन गर्न तर्फ अग्रसर भएको हुँदा यहाँका कृषकवर्गपनि लाभान्वित भएका छन ।

"जनतासँग उपमेयर कार्यक्रम गरी कुनै व्यक्ति तथा संस्था अन्यायमा परेमा पालिकाको आफ्नै न्यायिक इजलासबाट न्याय दिलाउने कार्य समेत गरेर जनताको मन जितिरहेको छ ।"

त्यसैगरी देशकै अग्लो भ्यूटावर निर्माण गरी आन्तरीक तथा बाह्य पर्यटकलाई पर्यटकीय गन्तव्यको रुपमा प्रेरित गरिरहेको छ । यसैगरी जनतासँग उपमेयर अन्तर्गत व्यक्ति तथा परिवार अन्यायमा परेको भएमा पालिकाको आफनै न्यायिक समितिले यथा सम्भव न्याय दिलाउने कार्यसमेत गरिरहेको छ । त्यसैले सबै मिलेर हाम्रो नगर राम्रो नगरमा हातेमालो गरौं ।











विरुवामा चुना लगाउँदै
कृषि अधिकृत महेन्द्र पुन